कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्र संख्याः २०८०/०८१ चलानी नं. ४९३ मितिः २०८०/०९/२९

श्री स्थानीय तह सबै,
कर्णाली प्रदेश,

विषयः घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण प्रयोजनका लागि विवरण पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपांगता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न **"घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०८०"** मा भएको व्यवस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा मन्त्रालयबाट सहजिकरणका जिल्लागत रुपमा तयार गरिएको घाइते अपाङ्गता भएका व्यक्तिहरुको नामावलीको Soft Copy तथा गृह मन्त्रालयबाट प्राप्त विवरण समेत यसै साथ संलग्न राखि पठाइएको छ। कार्यविधि बमोजिम घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्य प्रयोजनका लागि कार्यविधिको अनुसूची १ बमोजिमको आवेदन संकलन गरी आवेदन एकिन गरेर अनूसूची २ बमोजिमको ढाँचामा मन्त्रालयको इमेल moial.shanti@gmail.com मा २०८० फागुन मसान्तसम्म विवरण पठाउनु हुन अनुरोध छ। साथै विवरण प्राप्त भएपश्चात मन्त्रालयबाट रकम निकासाको व्यवस्था गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

<u>तपशिल</u>

१. कार्यविधिको दफा ३ को उपदफा (१) र (२) बमोजिम जिल्लागत नामावली तयार गरी पठाइएकोमा संलग्न गृह मन्त्रालयमा/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा सम्बन्धित स्थानीय तहको नामावली रुजु गरी कार्यविधिको दफा ३, दफा ४ र दफा ८ बमोजिम गर्नुहुन।
२. थप स्पष्टताका लागि कार्यविधि समेत यसै साथ संलग्न राखि पठाइएको छ, सो बमोजिम गर्नुहुन ।
३. अघिल्लो आ.व. वितरण गरिएको भत्ताको प्रतिवेदन पठाउन बाँकी रहेको स्थानीय तहले यथाशीघ्र प्रतिवेदन पठाउनु हुन अनुरोध छ। अन्यथा यस आ.व.मा भत्ता वितरणको रकम उपलब्ध गराउन मन्त्रालय बाध्य हुने छैन।

उपसचिव (कानून)
निधि राज न्यौपाने
उप-सचिव


Website: moial.karnali.gov.np Email: moial@karnali.gov.np
मा.मन्त्रीज्यू ०८३-५२५६२२ सचिवज्यू ०८३-५२२५२६ प्रशासन शाखा ०८३-५२३०४५

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०८०/०८१ चलानी नं. ४९१ मितिः २०८०/०९/२९

श्री स्थानीय तह सबै,
कर्णाली प्रदेश,

विषयः सहिद स्मृती भत्ता वितरण प्रयोजनका लागि विवरण पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता प्रदान गर्न **"सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८०"** मा भएको व्यवस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा यस मन्त्रालयबाट सहजिकरणका लागि जिल्लागत रुपमा तयार गरिएको मृतक तथा बेपत्ता भएका व्यक्तिहरुको नामावलीको Soft Copy तथा गृह मन्त्रालयबाट प्राप्त विवरण समेत यसै साथ संलग्न राखि पठाइएको छ। कार्यविधि बमोजिम सहिद स्मृति भत्ता वितरण कार्य प्रयोजनका लागि कार्यविधिको अनुसूची १ बमोजिमको आवेदन संकलन गरी आवेदन एकिन गरेर अनूसूची २ बमोजिमको ढाँचामा मन्त्रालयको इमेल moial.shanti@gmail.com मा २०८० फागुन मसान्त भित्र विवरण पठाउनु हुन अनुरोध छ। साथै विवरण प्राप्त भएपश्चात मन्त्रालयबाट रकम निकासाको व्यवस्था गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपशिल

१. कार्यविधिको दफा ४ को उपदफा (१) र (२) बमोजिम जिल्लागत नामावली तयार गरी पठाइएकोमा संलग्न गृह मन्त्रालयमा/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा सम्बन्धित स्थानीय तहको नामावली रुजु गरी कार्यविधिको दफा ४ को उपदफा (५), दफा ५ र दफा ९ बमोजिम गर्नुहुन।
२. थप स्पष्टताका लागि कार्यविधि समेत यसै साथ संलग्न राखि पठाइएको छ, सो बमोजिम गर्नुहुन।
३. अघिल्लो आ.व. वितरण गरिएको भत्ताको प्रतिवेदन पठाउन बाँकी रहेको स्थानीय तहले यथाशीघ्र प्रतिवेदन पठाउनु हुन अनुरोध छ। अन्यथा यस आ.व.मा भत्ता वितरणको रकम उपलब्ध गराउन मन्त्रालय बाध्य हुने छैन।

उपसचिव (कानून)
निधि राज न्यौपाने
उप-सचिव

Website: moial.karnali.gov.np Email: moial@karnali.gov.np
मा.मन्त्रीज्यू ०८३-५२५६२२ सचिवज्यू ०८३-५२२५२६ प्रशासन शाखा ०८३-५२३०४५